नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
# सहकारी विभाग
(प्रशासन तथा सहकारी प्रवर्धन शाखा)

फोन नं. ४-४६५३६२
फ्याक्स: ४-४६५५१७
Email: sahakaribivag@gmail.com
Website: www.deoc.gov.np

नयाँ बानेश्वर, काठमाडौं
नेपाल ।

पत्र संख्या : ०७९।८०
चलानी नं. :
प्राप्त पत्र संख्या र मिति :

मिति : २०७९।०५।०९

## साधारण सभा सञ्चालन सम्बन्धमा सहकारी विभागको मार्गदर्शन ।

सहकारी ऐन, २०७४, सहकारी नियमावली, २०७५ तथा यस विभागवाट जारी सहकारी संस्थाको साधारण सभा (कार्यव्यवस्था) (पहिलो संशोधन) निर्देशिका, २०७६ को अधिनमा रही सदस्यको लोकतान्त्रिक नियन्त्रणको सहकारी सिद्धान्त अनुरुप सहकारी संघसंस्थाहरुको साधारण सभाको बैठक आयोजना, कार्य प्रणाली र निर्णय प्रमाणिकरणका विषयहरु निर्धारण गर्न वाञ्छनीय भएकोले सहकारी नियमावली, २०७५ को नियम ७६(झ) वमोजिम सहकारी विभागको मिति २०७९।०५।०९ को निर्णयानुसार यो मार्गदर्शन जारी गरिएको छ ।

१. सहकारी संघसंस्थाहरुले आर्थिक वर्ष व्यतित भएको तीन महिना भित्र सहकारी ऐन, २०७४ को दफा ७५(१) बमोजिम लेखापरीक्षणको कार्य सम्पन्न गरी सक्ने,

२. लेखापरीक्षक नियुक्ती र पारिश्रमिक निर्धारणका सम्वन्धमा सहकारी ऐन, २०७४ को दफा ७६(१), (२) र (३) बमोजिम गर्ने,

३. लेखापरीक्षकले लेखापरीक्षण प्रतिवेदन पेश गर्दा नेपाल सरकारले तोकेको लेखामान सिद्धान्तका आधारमा प्रतिवेदन तयार गरी सहकारी विभागवाट जारी **सहकारी संस्थाहरुको लेखापरीक्षण निर्देशिका, २०७५** को अनुसरण गर्दै लामो फाराम प्रतिवेदन (Long Form Report) सहितको प्रतिवेदन सम्बन्धित सहकारी संघसंस्था र नियमनकारी निकाय समक्ष पेश गर्ने व्यवस्था मिलाउने,

४. सहकारी संघसंस्थाहरुले साधारण सभाको सूचना प्रकाशन गर्दा सहकारी विभागवाट मिति २०७९।०२।१२ मा जारी गरिएको **सहकारी संघसंस्थामा सुशासन प्रवर्द्धनको लागि एकीकृत निर्देशन, २०७९** अनुसार तीस दिन अगावै प्रस्ताव सहितको सार्वजनिक सूचना प्रकाशन गर्ने,

५. सहकारी ऐन, २०७४ को दफा ४०(५) अनुसार दुई हजार वा सो भन्दाबढी सदस्य भएको संस्थाले साधारण सभा गर्दा समान कार्य सूचीमा तोकिए बमोजिम सदस्य संख्याको आधारमा स्थानीय तह वा त्यसका वडाहरुमा संचालक सदस्यहरु पठाई साधारण सभागर्न र त्यस्तो साधारण सभाको निर्णय प्रमाणित गर्न, प्रतिनिधि छनौट गर्न, बैठक संचालन गर्न, बैठकका निर्णयहरु प्रमाणित गर्दा सचालक सदस्य संख्या भन्दा एक जना वढि प्रतिनिधि सदस्यहरुवाट समेत प्रमाणीत गराउने व्यवस्था मिलाउने । साथै **सहकारी विभागबाट जारी सहकारी संस्थाको साधारणसभा (कार्यव्यवस्था) (पहिलो संशोधन) निर्देशिका, २०७६** को पूर्ण रुपमा परिपालन गर्ने गराउने,

६. साधारण सभा गर्दा फराकिलो कार्यक्षेत्र र दुई हजार भन्दावढी सदस्य भएका सहकारी संघसंस्थाहरुले भौगोलिक अवस्थितिका कारण एकै ठाउँमा भेला हुन नसक्ने अवस्थामा सदस्यहरुलाई पायक पर्ने स्थानमा बढी भन्दा बढी सदस्यहरुको सहभागिता हुने गरी बढीमा सात वटासम्म इकाईहरु गठन गरी सभा सम्पन्न गर्ने,

रजिष्ट्रार

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय

# सहकारी विभाग

(प्रशासन तथा सहकारी प्रवर्धन शाखा)

फोन नं. ४-४६५३६२
फ्याक्स: ४-४६५५१७
Email: sahakaribivag@gmail.com
Website: www.deoc.gov.np

नयाँ बानेश्वर, काठमाडौं
नेपाल ।

पत्र संख्या : ०७९।८०
चलानी नं. :
प्राप्त पत्र संख्या र मिति :

७. नियामक निकायबाट दिइएको निर्देशन तथा सुझावहरुको कार्यान्वयन सम्वन्धमा साधारणसभामा छलफल गर्ने गराउने ।

८. साधारण सभा सम्पन्न भएको पन्ध्र दिन भित्र साधारण सभाको निर्णयको प्रमाणित प्रतिलिपि, उपस्थितिको प्रमाणित प्रतिलिपि, लेखापरीक्षण प्रतिवेदन, लामो फाराम प्रतिवेदन सहित नियामक निकायमा अनिवार्य रुपमा पेश गर्ने,

९. साधारण सभा गर्दा भडकिलो र खर्चिलो नहुने गरी मितव्ययी ढंगवाट सञ्चालन गर्ने ।

१०. सवै संघसंस्थाले २०७९ पौष मसान्तभित्र साधारणसभा अनिवार्य रुपमा सम्पन्न गर्ने ।

११. कोभिड-१९ को प्रभाव तथा असर समेतको आधारमा संघ, प्रदेश वा स्थानीय तह र स्थानीय प्रशासनबाट जारी स्वास्थ्य सम्वन्धि मापदण्डको पालना गरि साधारण सभा सम्पन्न गर्ने ।

१२. साधारण सभा सम्वन्धि विवरण सभा सम्पन्न भएको पन्ध्र दिन भित्रमा www.copomis.gov.np मा समेत अद्यावधिक गर्ने ।

*पुनश्च:* साधारण सभा सम्वन्धी विभागवाट जारी गरिएको **सहकारी विभागबाट जारी सहकारी संस्थाको साधारणसभा (कार्यव्यवस्था) (पहिलो संशोधन) निर्देशिका, २०७६** यस विभागको वेभसाईट www.deoc.gov.np बाट प्राप्त गर्न सकिनेछ ।

2063/07/05

(रुद्रप्रसाद पण्डित)
रजिष्ट्रार

रजिष्ट्रार